नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल

पत्र संख्या :-
चलानी नं. :-

महाबौद्ध, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

मुगु सोरु गाउँपालिका–१ का २५ वर्षीय गणेश नेपालीको उपचार र हालको स्वास्थ्य अवस्थाबारे आधिकारिक जानकारी दिन हामी यहाँ उपस्थित भएका छौं।

मिति २०८३ असार २५ गते करिब ५५ प्रतिशत गम्भीर रूपमा जलेको (Severe Burn) अत्यन्तै जटिल अवस्थामा उहाँलाई वीर अस्पतालको आकस्मिक कक्षमा ल्याइएको थियो। तत्कालै प्राथमिक उपचार र जलेको भाग सफा गरी उहाँलाई थप सघन उपचारका लागि यस अस्पतालको अत्याधुनिक के.डी. जोशी वर्न सेन्टरमा भर्ना गरियो।

बिरामीको अवस्था सुरुदेखि नै अत्यन्तै नाजुक र चुनौतीपूर्ण थियो। भर्ना भएकै समयदेखि उहाँलाई मेकानिकल भेन्टिलेटरमा राखी प्लाष्टिक सर्जरी, एनेस्थेसिया, र क्रिटिकल केयर मेडिसिनका वरिष्ठ विशेषज्ञ चिकित्सकहरू, नर्सिङ विधाका दक्ष स्वास्थ्यकर्मी तथा सम्पूर्ण अस्पताल परिवार उहाँको जीवन रक्षाका लागि २४ सै घण्टा निरन्तर जुटिरहेको छ।

हामी विशेष रूपमा नेपाल सरकार र यसका उच्च अधिकारीहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं, जसले बिरामीको उपचारका लागि राज्यको सम्पूर्ण शक्ति परिचालन गर्नुभएको छ।

नेपाल सरकारले बिरामीको सम्पूर्ण उपचार खर्च आफैं बेहोर्ने निर्णय गरिसकेको छ।

बिरामीको अवस्था र उपचारको अवस्थाबारे प्रत्यक्ष जानकारी लिन र चिकित्सक टोलीको हौसला बढाउन आज बिहानै माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यु आफैं वीर अस्पताल आउनुभई बिरामीको स्वास्थ्य स्थितिको अवलोकन गर्नुभएको छ र उपचारमा कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभएको छ।

चिकित्सकहरूको सल्लाहबमोजिम उहाँलाई थप उच्चस्तरीय उपचारका लागि भारतको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (AIIMS) बर्न सेन्टरमा जतिसक्दो चाँडो स्थानान्तरण (Transfer) गर्न सरकारले युद्धस्तरमा तयारी थालेको थियो।

माननीय गृहमन्त्री सुदन गुरुङ ज्यू, सम्मानीय प्रधानमन्त्री बालेन्द्र शाह ज्यूका सचिवालयका सदस्यहरूसहित नेपाल प्रहरीका एआईजी (AIG) सर समेत रातभर नसुती यसै कार्यमा खटिनुभएको थियो। उहाँहरूले देखाउनुभएको यो संवेदनशीलता र उच्च समन्वयले हामी उपचारमा संलग्न चिकित्सकहरूलाई समेत ठुलो हौसला र ऊर्जा थपेको छ।

हामी उहाँलाई भारत लैजाने अन्तिम तयारीमा थियौं। तर, स्थानान्तरण गर्नु ठीक अगाडि बिरामीको स्वास्थ्य स्थितिमा अचानक गम्भीर जटिलता उत्पन्न भयो।

यस्तो आकस्मिक अवस्थामा हाम्रो विशेषज्ञ चिकित्सकहरूको टोलीले कत्ति पनि समय गुमाउन नदिई तुरुन्तै आपतकालीन सीपीआर (CPR) दियो र विशेष जीवनरक्षक औषधिहरू चलाइयो।

फोन नं. : +९७७-१-४३३१११६, +९७७-१-४३३१८८८, +९७७-१-४३३१६००, फ्याक्स : +९७७-१-४३३२८६४

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल

महाबौद्ध, काठमाडौं
नेपाल

पत्र संख्या :-
चलानी नं :-

हाम्रो टोलीको यो सघन र द्रुत प्रयास (Aggressive Medical Intervention) पछि बिरामीको स्वास्थ्य सूचकहरूमा केही सुधार आएको छ। हाल औषधिको सहयोगमा उहाँको मुटुको धड्कन प्रतिमिनेट १४० र रक्तचाप ११०/७० mmHg रहेको छ।

हाम्रो मुख्य प्राथमिकता बिरामीको जीवन रक्षा हो। चिकित्सा विज्ञानको नियम अनुसार यस्तो नाजुक अवस्थामा बिरामीलाई यात्रा गराउनु (Transfer) अत्यन्तै जोखिमपूर्ण हुन्छ। त्यसैले बिरामीको स्वास्थ्य अवस्था सुरक्षित स्थानान्तरणका लागि पूर्ण रूपमा स्थिर (Stable) नभएसम्मका लागि प्रस्तावित भारत लैजाने योजना हाललाई स्थगित गरिएको छ।

हाम्रो बहु-विशेषज्ञ टोली (Multi-disciplinary Team) ले बिरामीको अवस्थाको निरन्तर (Minute-by-minute) निगरानी गरिरहेको छ। वीर अस्पतालमै उच्चस्तरिय क्रिटिकल केयर सेवा दिँदै हामी उहाँको अवस्था स्थिर वनाउन हरसम्भव प्रयास गरिरहेका छौं।

हामी बिरामीको गोपनीयताको पूर्ण सम्मान गर्दै उच्चस्तरीय आकस्मिक सेवा प्रदान गर्न प्रतिवद्ध छौं। अवस्थामा आउने परिवर्तन अनुसार थप विवरणहरू हामी समय-समयमा सार्वजनिक गर्ने नै छौं।

यो अत्यन्तै जटिल र संवेदनशील क्षण भएको हुनाले, संक्रमणको जोखिम न्यूनीकरण गर्न र उपचारमा बाधा नपुगोस् भन्नका लागि उपचारमा संलग्न व्यक्तिहरू बाहेक अन्य महानुभावहरूलाई अस्पतालमा आई अनावश्यक भीडभाड नगरिदिनुहुन वीर अस्पताल परिवार विनम्र अनुरोध गर्दछ।

बिरामीको जीवन रक्षाका लागि सरकार, अस्पताल, र चिकित्सक टोली एकढिक्का भएर लडिरहेको छ। यहाँहरूको सकारात्मक सहयोगको अपेक्षा गर्दछौं।

धन्यवाद।

डा. प्रकाश बुढाथोकी
प्रवक्ता
२०८३/०३/२६
समयः बिहान ११:०० बजे

फोन नं : +९७७-१-४३२१११९, +९७७-१-४३२१९८८, +९७७-१-४३२१८००, फ्याक्स : +९७७-१-४३२२८६४